# भाग २

## नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान,२०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधानसभाले बनाएको तल लेखिएबमोजिमको ऐन , सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०६६ सालको ऐन न. ६

### राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना : आर्थिक वर्ष २०६६/०६७ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वियन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,**

**नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०६६" रहेको छ ।**

**(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।**

**२. राष्ट्र ऋण उठाउने अधिकार : (१) आर्थिक वर्ष २०६६/०६७ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०६६/०६७ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी**

रकममा थप रु. ३०,९१,००,००,०००।- (अक्षरेपी तीस अर्ब एकान्नब्बे करोड) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन ।

(२) नेपाल सरकारले आर्थिक वर्ष २०६६/०६७ सम्मको नेपाल राष्ट्र बैङ्कलाई तिर्न बाँकी अधिविकर्षलाई नेपाल सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको सावाँ ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ ।

प्रमाणीकरण मिति : २०६६।८।१०।४

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

मुद्रण विभाग